
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १ गते शुक्रबार ❑ 18 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## फिर्के खोलाको दायाँबायाँ गाडियो पाँच सय पिल्लर

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

कास्कीका पोखरास्थित बजारका मध्यभाग भएर बग्ने फिर्के खोलाको सिमाङ्कन अन्तिमचरणमा पुगेको छ।

पोखरा महानगरपालिकाले खोलाको प्राकृतिक बहाव पत्ता लगाउने उद्देश्यले गत साउन ३ गतेदेखि सिमाङ्कन गर्न सुरु गरेको थियो । वडा नं १७ बैदामस्थित गाईघाटबाट सुरु गरिएको सिमाङ्का वडानं १८ बैंसीटोल पुगेको छ।

यस कार्यको नेतृत्व गरिरहनुभएकामहानगरपालिकाका सर्वेक्षक वासुदेव पौडेलका अनुसार हालसम्म सिमाङ्कन भएको क्षेत्रमा पाँच सय बढी पिल्लर तथा चिन्ह खोलाको दायाँबायाँ गाडिएका छन् । उहाँले भन्नुभयो, "फिर्के खोलाको सिमाङ्कनको काम अब धेरै बाँकी छैन । हामी छिट्टै यसलाई सम्पन्न गर्दछौं ।" सर्वेक्षक पौडेलका अनुसार अब पाँच सय मिटर क्षेत्रमा मात्र काम बाँकी रहेको छ। पहिलो चरणमा खोलाको भाग यकिन गरिसकेपछि दिगो पर्यटन विकास परियोजनाअन्तरगत फिर्के खोलाको संरक्षण, सम्बर्द्धन र सुन्दरताको कार्यक्रम सुरु गरिने महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार यसलाई फिर्के कोरिडोरको रूपमा विकास गरिने र दुवैतर्फ साइकल लेनसहितको पूर्वाधार निर्माण गरिनेछ। महानगर प्रमुख आचार्यले भन्नुभयो, "सिमाङ्कन प्रतिवेदन प्राप्त भएपछि कार्यपालिकाले खोलाको मापदण्ड तोक्छ । त्यसपछि मापदण्ड विपरीत बनेका संरचना हटाउँछौं र आवश्यक पूर्वाधार निर्माण गर्छौं ।"पोखराको मध्यभाग भएर बग्ने फिर्केमा मानवीय अतिक्रमण बढेको छ । खोलाको मापदण्डभित्र व्यक्तिगत तथा सार्वजनिक भवन बनाइएका छन् । बर्खायाममा खोलामा पानीको बहाव बढ्दा मापदण्ड विपरितका संरचनाका कारण कटान र डुबानको समस्या आउने गरेको छ । महानगरका अनुसार फिर्केमा अतिक्रमित संरचना हटाइसकेपछि पर्यटन विकास परियोजना लागू हुनेछ । सिमाङ्कन टोलीमा इञ्जीनीयर, सर्वेक्षक र अमिनसहित ४० जना परिचालित छन् । पोखरा-१८ स्थित सराङकोटको फेदी अँधेरीकुनाबाट सुरु भएर प्रस्याङ, मालेपाटन, बुलौंदी हुँदै फिर्केखोला फेवातालमा गएर मिसिन्छ।

## बाढीपहिरो पीडिततलाई राहत उपलब्ध गराउन माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकको शून्य समयमा सदस्यले बाढीपहिरोका प्रकोप एवम् विभिन्न समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकमा प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले कुश्मीसेरादेखि बरेङसम्मको सडकखण्डमा पहिरोका कारण निर्माण सम्पन्न भइसकेका ठाउँमा पनि थप भत्कने गरेको जनाउँदै ती स्थान संरक्षण गर्नुपर्ने देखिएको बताउनुभयो । ती स्थानको संरक्षणका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्दा अहिले अख्तियारी आइनसेका कारण तत्काल मर्मत गर्न नसकिने जानकारी आएको र तत्काल बाधा अड्काउ फुकाउ गरी गरी उचित प्रबन्ध आवश्यक भएको उहाँले बताउनुभयो।

सदस्य दमयन्ती रुचालले बैंक, वित्तीय संस्था एवम् सहकारीबाट पछिल्ला समयमा व्यवसायी एवम् सर्वसाधारण ऋण असुलीका नाममा मारमा परिरहेको जनाउँदै यसबारे तत्काल कदम चाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो । अर्का सदस्य बेदबहादुर गुरुङले बाढीपहिरोका कारण प्रदेश सरकारबाट सम्पन्न भएका सडक निर्माण सम्पन्न भएर पनि बिग्रने भत्कने गरेको जनाउँदै तिनीहरूको नियमित संरक्षणका लागि प्रदेश सरकारले ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । अर्का सदस्य विन्दु पौडेलले गण्डकी प्रदेश अन्तर्गतका विभिन्न सहकारीबाट जनताको रकम नदिने गरेको गुनासो आएको जनाउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। यसैगरी सदस्य सीताकुमारी सुन्दासले बाढीपहिरोबाट प्रभावित भई घर भत्केर घरबारविहीन नागरिकलाई पालिका, प्रदेश र सङ्घबाट एकमुष्ठ रु चार लाख दिने भनेर कार्यविधिसमेत आइसकेका अवस्थामा पीडित व्यक्तिले उक्त सुविधा नपाउने गरेको बताउनुभयो । कतिपयले पहिलो किस्ताबापत ७५ हजार पाए पनि निर्माण सम्पन्न भइसक्दा पाउनुपर्ने बाँकी रकम अझै पाउन नसकेको गुनासो आएकोमा सरकारको ध्यानकर्षण गराउनुभयो।

## गण्डकीमा ८० हजार पशुचौपायमा लम्पी स्किन

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

पशुमा महामारीका रुपमा फैलिएको लम्पी स्किन रोगले गण्डकी प्रदेशमा ७९ हजार नौ सय ८७ चार गाई, गोरु र भैंसी प्रभावित भएका छन् । यस रोगबाट २२ हजार चार सय ९४ पशुचौपाया निको भएका छन् । लम्पी स्किनबाट प्रदेशमा चार हजार पाँच सय ५४ पशुचौपाया मरेका छन् ।

गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले प्रदेशसभा सदस्य भीमबहादुर कार्कीद्वारा दर्ता गरिएको लम्पी स्किन भाइरसविरुद्ध सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफमा उक्त जानकारी दिनुभएको हो । प्रदेशमा लम्पी स्किन रोगबाट पाँच दशमलव ६९ प्रतिशत चौपाया मरेको बताउँदै उहाँले यसको रोकथामको लागि तीनै तहका सरकार र व्यक्तिगत गरी कूल एक लाख १० हजार चार सय ४९ पशुलाई खोप दिइएको बताउनुभयो । सबैभन्दा बढी गाई र गोरुमा सङ्क्रमण देखिएको उल्लेख गर्दै मन्त्री जिसीले भन्नुभयो, "लम्पी स्किनबाट प्रदेशमा मर्नेमा ९५ प्रतिशत गाई गोरु र पाँच प्रतिशत भैंसी छन् । हिमाली भेगमा चौंरीमा समेत उक्त रोगको सङ्क्रमण देखिएको छ ।" गण्डकी प्रदेशको ८५ स्थानीय तहमध्ये ८२ वटा पालिकामा यो रोगको सङ्क्रमण फैलिएको छ । उहाँले सीमित स्रोत साधन तथा जनशक्तिको अभावमा पनि प्रदेश सरकार यस रोगप्रति संवेदनशील रहेको देखिएको स्पष्ट पार्नुभयो । मुस्ताङको लोमान्थाङ, लो घेकर दामोदर कुण्ड र मनाङ जिल्लाको नापाभूमि गाउँपालिकामा भने लम्पी स्किन रोग देखिएको छैन ।

पशुमा उच्च ज्वरो आउने, घाँटी, पेट र पछाडिको भागमा गिर्खा, जोर्नी र खुरु सुनिने तथा निको भएपछि पनि बाजो पन देखिने यो रोगले दीर्घकालसम्म पनि कृषि क्षेत्रमा ठूलो क्षति हुने यो रोगको रोगथाम स्थानीय तहको महत्वपूर्ण भूमिका रहने बताउँदै उहाँले पशु बीमा दाबी भुक्तानीका लागि सम्बन्धित बीमा कम्पनीलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

प्रदेशसभामा पहिलोपटक सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराउँदै प्रदेशसभा सदस्य भीमबहादुर कार्कीले लम्पी स्किन रोगको कारण कृषकको जीवनस्तर कष्टकर बनेको उल्लेख गर्दै उचित राहत उपलब्ध गराएर प्रदेश सरकारप्रति जनताको आशा जगाउनुपर्नेमा जोड दिनुभयो । प्रदेशसभा सदस्य राजकुमारी भुजेल प्रस्तावक र विन्दु पौडेल समर्थक रहनुभएको उक्त सार्वजनिक प्रस्तावमा रेखा गुरुङ, फणेन्द्र देवकोटा, डिल्लीराम सुवेदी, भक्तबहादुर कुवर, सरास्वती गुरुङ, कृष्णप्रसाद पाठक, कल्पना तिवारीलगायतले दुहुना गाई भैंसी र जोत्ने गोरु खाल्टोमा पुर्न बाध्य कृषकको घाउमा मलम लगाएर उनीहरूलाई आशावादी बनाउन प्रदेश सरकारले तत्काल राहतका योजना ल्याउनुपर्नेमा जोड दिनुभएको थियो ।

## डेङ्गु सङ्क्रमण बढेपछि 'ज्वरो क्लिनिकल' गर्न अस्पताललाई निर्देशन

**रासस**
काठमाडौं, ३२ साउन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले डेङ्गुको सङ्क्रमण बढ्दै गएपछि सबै अस्पताललाई डेङ्गु सङ्क्रमणको उपचार प्रभावकारी गर्न निर्देशन गरेको छ।

महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले दैनिक डेङ्गुका सङ्क्रमण बढिरहेकाले सङ्घीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आवश्यकतानुसार 'ज्वरो क्लिनिक' सञ्चालन गर्न आग्रह गर्नुभएको छ । उहाँले अस्पतालमा डेङ्गु रोगको चापका आधारमा ज्वरोको स्क्रिनिङका लागि ज्वरो क्लिनिकल सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँका अनुसार डेङ्गु सङ्क्रमण अहिलेसम्म १४ हजार तीन सय ५७ जनामा देखिएको छ।

यस्तै सङ्क्रमण ७५ जिल्लामा फैलिएको र अहिलेसम्म १० जनाको सङ्क्रमणको कारणले निधन भइसकेको छ । सबैभन्दा बढी सुनसरी जिल्लामा सात हजार चार सय ९५ जनामा सङ्क्रमण देखिएको छ। सुनसरी जिल्लामा मात्र कुल सङ्क्रमितको ५२ दशमलव दुई प्रतिशत रहेका छन् । महाशाखाका निर्देशक डा मरासिनीले डेङ्गु रोगको सही निदान र उपचार व्यवस्थापन गर्नसमेत अस्पताललाई निर्देशन दिनुभएको छ । "दैनिक डेङ्गु सङ्क्रमण बढिरहेको छ । सङ्घअन्तर्गतका अस्पताल र प्रतिष्ठानलाई डेङ्गु रोग रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन निर्देशिकाअनुसार गर्न निर्देशन दिएका छौं", उहाँले भन्नुभयो ।

डेङ्गु रोगको निदान तथा उपचार व्यवस्थापनका लागि राष्ट्रिय डेङ्गु रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन निर्देशिकाअनुसार गर्न,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## फिर्केखोला महत्वपूर्ण पर्यटन गन्तव्य बन्छ : महानगर प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

पोखरा महानगरपालिकाले मेयर धनराज आचार्यले अतिक्रमित संरचना हटाएर फिर्के खोलालाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने महानगरको योजना रहेको बताउनुभएको छ।

महानगरले सुरु गरेको फिर्केखोलाको सिमाङ्कन अवलोकनका क्रममा प्रमुख आचार्यले भन्नुभयो, "दिगो पर्यटन विकासको अवधारणामा खोलाको दुवैतर्फ साइकल लेनसहितको फुटट्र्याक बनाइने र यो पोखराको पर्यटन गन्तव्य बन्नेछ, यसको संरक्षण, विकास र सौन्दर्यीकरण एक साथ गरिनेछ ।" उहाँले फिर्केखोला हुँदै फेवातालमा पुग्ने फोहोरका कारण ताल समेत प्रदूषित भएकोमा चिन्ता व्यक्त गर्नुभयो । पोखराको मध्य भाग भएर बग्ने फिर्के खोलाको प्राकृतिक बहाव पत्ता लगाउने गरी सुरु गरिएको सिमाङ्कन अन्तिम विन्दु पोखरा-१८ को अधेँरीकुना नजिक पुगेको आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा फिर्केखोलाले चर्चेको खोला घर पत्ता लगाउने काम सफलतापूर्वक सम्पन्न हुने चरणमा रहेको छ । पोखरा-१७ गाईघाटबाट सुरु गरिएको सिमाङ्कन अब करिब दुई सय मिटर मात्र बाँकी छ। खोलाको नाप जाँचको स्थलगत अवलोकनमा पुग्नुभएका महानगरपालिकाका प्रमुख आचार्यले भन्नुभयो, "खोलाको नाप जाँचका क्रममा हालसम्म पाँचसय बढी सीमा स्तम्भहरू गाडिएका छन्, यसले खोलाको वास्तविक रूप र आकार देखाइदिएको छ, यो प्राविधिक जाँचका आधारमा आएको तथ्य हो, यसका शङ्का गर्नुपर्ने कुनै कारण छैन ।" उहाँका अनुसार खोलाको सिमाङ्कनले खोलामाथिको अतिक्रमण र दोहनलाई उदाङ्गो बनाइदिएको छ । फिर्केखोलामाथि निर्माण गरिएका अतिक्रमित संरचनाहरू हटाउनका लागि दोस्रो चरणमा ३५ दिने सूचना जारी गरिने उहाँले जानकारी दिनुभयो । सिमाङ्कनको नेतृत्व गरिरहनुभएका महानगरपालिकाका सर्वेक्षक वासुदेव पौडेलका अनुसार हालसम्म पाँच सयभन्दा बढी सीमास्तम्भ खोलाको दायाँबायाँ गाडिएका छन् । अब खोलाको दुई सय मिटर क्षेत्रमा सिमाङ्कनको काम बाँकी छ । नाप जाँचका क्रममा खोलामाथि अतिक्रमण गरिएको, स्थायी संरचना निर्माण गरिएको र प्रदूषण गरिएको लगायतका अवस्थाहरू भेटिएको उहाँले बताउनुभयो।

खोलाको प्राकृतिक बहावको खोजी र अतिक्रमण विरुद्ध नागरिक अभियान्ताले सकारात्मक सहयोग गरिरहेको र फिर्केखोलाको सिमाङ्कन टोलीमा सर्वेक्षक, इञ्जिनियर र अमिनसहितको ४० जनाको टोली परिचालित रहेको पौडेलले जानकारी दिनुभयो।

## देशमा परिवर्तनको घन्टी बज्नुपर्छ : रवि लामिछाने

**रासस**
काठमाडौं, ३२ साउन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले एकपटक आफूहरुलाई अवसर दिन आग्रह गर्नुभएको छ । इलामको फिक्कल चोकबजारमा आयोजित पार्टीको खुला जनसभा सभापति लामिछानेले आगामी २०८४ मा हुने निर्वाचनमा विजयी गराइ एक पटक अवसर दिन आग्रह गर्नुभयो ।

"काम गर्न सकेनौं भने यो क्षेत्र घन्टी निषेधित बनोस्", उहाँले भन्नुभयो, "इलाममा अथाह सम्भावना हुँदाहुँदै यहाँका पर्यटन, कृषि, उद्योग, शिक्षा, सडक हरेक क्षेत्रको विकास हुनसकेको छैन ।" उहाँले आफूहरुले सरकारको नेतृत्व गर्ने अवसर पाए सुन तस्करी, ललिता निवासलगायतका प्रकरणबारे छानबिन गर्ने दाबी समेत गर्नुभयो । रास्वपाको उदयबाट आत्तिएकाले आफूहरूविरुद्ध हमला गरिरहेको उहाँको भनाइ छ । "हामीलाई सिद्धान्तविहीन पार्टी भन्दै खेदो खन्ने गरेका छन्", उहाँले भन्नुभयो, "गुणस्तरीय शिक्षा, घरमै पुगेर स्वास्थ्य सेवा प्रवाह नै हाम्रो सिद्धान्त हो ।" उहाँले शान्त विद्रोह गरेर आगामी निर्वाचनमा रास्वपालाई विजयी बनाउन आग्रह समेत गर्नुभयो ।


POKHARA ENGINEERING COLLEGE (PEC)
PHIRKE, POKHARA-8, KASKI
"Committed to Excellence in Technical Education"

ADMISSION OPEN
Programs :
B.E. Civil
B.E. Computer
B. Architecture
B.E.I.T
APPLY NOW
apply.pec.edu.np
SCAN TO APPLY
Eligibility
10+2 sc. with atleast c grade in each subject.including Bio group(with 100 marks mathematics),Diploma in engineering or equivalent.
Last Date Of Form Submission: Bhadra 27, 2080
Entrance Examination : Bhadra 28, 2080 ( 11:00 A.M.)
061-581209
061-578530
info@pec.edu.np
www.pec.edu.np

# एसियन गेम्समा महिला ह्याण्डबल पहिलो पटक सहभागी हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

१९ औं एसियन गेम्समा सहभागि हुने नेपाली महिला ह्याण्डवलका खेलाडीहरु यति वेला पोखरामा प्रशिक्षाणमा व्यस्त रहनु भएको छ। साउनको पहिलो साता देखि पोखरा रंगशालाको कभर्ड हलमा बिहान र बेलुका दैनिक प्रशिक्षण भई रहेको प्रशिक्षक विन्दा थापाले बताउनु भयो।

आउँदो सेप्टेम्बर २३ देखि अक्टुवर ८ तारिकसम्म चाइनाको हान्झाउमा हुने १९ औं एसियन गेम्समा नेपालको महिला ह्याण्डवल पहिलो पटक सहभागि हुने भएकोले उत्कृष्ट प्रर्दशन गर्न आफुहरुको मेहनत जारी रहेको उहाँको भनाई छ। नेपाली ह्याण्डवलको टिमले आउँदो सेप्टेम्बर २४ मा चाइनासंग सेप्टेम्बर २७ मा जापानसंग सेप्टेम्बर २९ मा हङकङ र सेप्टेम्बर ३० तारिखमा भने भारतसंग एउटा समुहबाट खेल खेल्ने तालिका समेत सार्वजनि भएको प्रशिक्षक थापाले बताउनु भयो। पोखरामा इण्डोर हल भएकोले गर्दा प्रशिक्षणमा कुनै कमी नभएको उहाँले बताउनु भयो। म्याच अनुभवको लागि विदेशसम्म लैजान पाए खेलाडीहरुको लागि थप हौसला र अनुभव हुने उहाँको भनाई छ। नेपाली ह्याण्डवकी कप्तान वन्दना राईर्ले एसियन गेम्समा पहिलो पटक सहभागि हुनु नै ठुलो उपलब्धी भएको बताउनु भयो। नेपालले ह्याण्डबल खेलबाट पदक ल्याउनु भन्दा पनि उत्कृष्ट प्रर्दशन गर्ने रणनितीमा रहेको उपकप्तान उमा राईले बताउनु भयो। प्रशिक्षणमा हाल खासै समस्या नभए पनि थप अनुभवको लागि विदेशी खेलाडीहरुसंग खेल्ने अवसर भए राम्रो हुने उहाँहरुको माग छ।

यसैबिच, नेपालको महिला ह्याण्डवलको टिमलाई विमेन क्लव अफ पोखरालाई ट्र्याकसुट सहयोग हस्तान्तरण गरेको छ। विहिबार एक समारोहका बिच क्लवका संस्थापक सारिका गुरुङ र शान्ति गुरुङ, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामा, निवर्तमान कार्यालय प्रमुख डिबी नेपाली लगायतले खेलाडीहरुलाई ट्र्याक हस्तान्तरण गर्नु भएको थियो। समाज र राष्ट्र निर्माणमा महिलाहरुको भुमिका समेत महत्वपूर्ण रहेकोले आफुहरुको क्लवले खेलाडीहरुको हौसला रुवरुप उक्त सहयोग गरेको सारिकाले बताउनु भयो।

नेपाली महिला ह्याण्डबलको टिमको कम्तानमा वन्दना राई, उपकप्तानमा उमा राई र अन्य खेलाडीहरुमा आइत ल्याह्मु शेर्पा, कल्पना सिंजाली, विमला तामाङ, कल्पना ओली, रमिला बस्नते, देवी श्रेष्ठ, ममता राना, अदिती चौधरी, संगिता चौधरी, बिमला भुजेल, सञ्जु राई, राम कुमारी चौधरी, सम्भना कुमाल र हेलिना राना रहनु भएको छ। प्रशिक्षकमा विन्दा थापा र दिपक सिंह बोहरा रहनु भएको छ।

# एसियन गेम्समा सहभागी हुने महिला ह्याण्डवलका खेलाडीलाई ट्र्याकसुट वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन



१९ औं एसियन गेम्समा सहभागि हुने नेपाली महिला ह्याण्डवलका खेलाडीहरुको टोलीलाई विमेन क्लव अफ पोखराले ट्र्याकसुट सहयोग गरेको छ।

विहिबार पोखरा रंगशालामा आयोजित एक समारोहका बिच क्लवका संस्थापकद्धय सारिका गुरुङ र शान्ति गुरुङ सहितको टोलीले खेलाडीहरुको लागि १८ थान ट्र्याकसुट सहयोग गरेको हो। क्लवका संस्थाक सहित पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामा, निवर्तमान कार्यालय प्रमुख डि.बी. नेपाली लगायतले खेलाडीहरुलाई ट्र्याक हस्तान्तरण गर्नु भएको थियो।

समाज र राष्ट्र निर्माणमा महिलाहरुको भुमिका समेत महत्वपूर्ण रहेकोले आफुहरुको क्लवले खेलाडीहरुको हौसला रुवरुप उक्त सहयोग गरेको क्लवका संस्थापक सारिकाले बताउनु भयो। नेपाली महिला खेलाडीले राष्ट्रको नाममा एसियन गेम्स खेल्न लागेको उक्त टिमलाई सहयोग गर्न पाएकोमा खुसि व्यक्त गर्दै उहाँले उपाधि जित्ने गरी खेलको तयारी गर्न आग्रह गर्नु भयो। नेपाली महिला ह्याण्डबलको टिमको कम्तानमा वन्दना राई, उपकप्तानमा उमा राई र अन्य खेलाडीहरुमा आइत ल्याह्मु शेर्पा, कल्पना सिंजाली, विमला तामाङ, कल्पना ओली, रमिला बस्नते, देवी श्रेष्ठ, ममता राना, अदिती चौधरी, संगिता चौधरी, बिमला भुजेल, सञ्जु राई, राम कुमारी चौधरी, सम्भना कुमाल र हेलिना राना रहनु भएको छ। प्रशिक्षकमा विन्दा थापा र दिपक सिंह बोहरा रहनु भएको छ। साउनको पहिलो साता देखि पोखरा रंगशालाको कभर्ड हलमा बिहान र बेलुका दैनिक प्रशिक्षण भई रहेको प्रशिक्षक विन्दा थापाले बताउनु भयो। आउँदो सेप्टेम्बर २३ देखि अक्टुवर ८ तारिकसम्म चाइनाको हान्झाउमा हुने १९ औं एसियन गेम्समा नेपालको महिला ह्याण्डवल पहिलो पटक सहभागि हुने भएकोले उत्कृष्ट प्रर्दशन गर्न आफुहरुको मेहनत जारी रहेको उहाँको भनाई छ।

# छ अर्बमा पोखरामा पाँचतारे होटल बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

हस्पिटालिटी क्षेत्रमा चार दशक अनुभव सँगालेको बाराही ग्रुपले पोखराको सेदीमा रु छ अर्बको लगानीमा पाँचतारे होटल सञ्चालनको तयारी गरेको छ। बाराही ग्रुपको नेतृत्वमा निर्माणाधीन उक्त होटल सन् २०२६ भित्र सञ्चालनमा ल्याइने भएको छ।

कम्पनीले काठमाडौँमा पत्रकार सम्मेलन गरी बाराहीले एक हजार दुई सय जना क्षमताको सभाहलसहित उक्त होटल निर्माण भइरहेको जानकारी दिएको छ। त्रिसट्ठी रोपनी क्षेत्रफलमा निर्माण हुँदै गरेको उक्त होटलमा एक सय ७१ कोठा निर्माण गरिनेछन्।

होटलमा क्यासिनो, स्पा, फिटनेस सेन्टरलगायत सुविधा रहने छ। पब्लिक लिमिटेड कम्पनी रहेको बाराही सेदी लिमिटेडको आइपीओमा समेत जाने योजना बनाएको छ। सन् २०२४ भित्रै सञ्चालनमा ल्याउने योजना रहे पनि कोभिड-१९ महामारीका कारण निर्माण अवरुद्ध भएको बाराही हस्पिट्यालिटीका संस्थागत निर्देशक योगेन्द्र थापाले जानकारी दिनुभयो। अहिले होटल द्रुत गतिमा निर्माण भइरहेको छ। भौतिक पूर्वाधारतर्फ ४६ प्रतिशत काम सम्पन्न भएको उहाँले बताउनुभयो।

हस्पिटालिटी क्षेत्रको लामो अनुभवलाई पाँचतारे सुविधासम्पन्न होटलमार्फत सेवा विस्तार गर्न लागिएको निर्देशक थापाले बताउनुभयो। बाराही सेदी लिमिटेडको नामबाट पब्लिक लिमिटेड दर्ता गरी निर्माण भइरहेको होटलको छिट्टै आइपिओ निष्कासन गर्ने योजना रहेको उहाँको भनाइ छ। अन्तर ष्ट्रियस्तरको सभा सम्मेलन गर्ने र खर्चालु पर्यटकलाई लक्षित गर्दै पोखरामा पाँचतारे होटल निर्माण गरिएको निर्देशक थापाले बताउनुभयो। "पोखरामा पाँचतारे फूलबारी रिसोर्ट बन्द भएपछि लक्जरी पाँच तारे होटलको अभाव महसुस भयो। हाइ-इन्ड पर्यटकलाई सेवा दिने विश्वाससहित कम्पनीले सन् २०२६ सम्म होटल सञ्चालनमा ल्याउने योजना बनाएको हो", उहाँले भन्नुभयो। सरकारले पोखरामा सन् २०१४ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) समिट आयोजना गर्ने योजना बनाएको थियो। तर, पोखरामा पाँचतारे होटल नहुदाँ काठमाडौँमा आयोजना गरिएको थियो। पोखरामा लग्जरी होटलको अभाव पूर्ति गर्ने बाराही ग्रुपका प्रबन्ध निर्देशक विप्लव पौडेलको पोखरामा पाँचतारे होटल बनाउने योजना अनुरुप परियोजना अघि बढेको थापा बताउनुहुन्छ।

चालीस ४० वर्षअघि पोखरामा १० कोठाको प्याराडाइज गेस्ट हाउस सञ्चालन गर्दै स्थापना भएको बराही ग्रुपले हाल पोखराको लेकसाइटमा चारतारे होटल बाराही, रासाङकोट माउन्टेन लज, आवास पोखरा, चितवनमा बाराही जङ्गल लज, र काठमाडौँमा चारतारे होटल बाराही काठमाडौँ सञ्चालन गर्दै आएको छ। यस्तै, बाराही ग्रुपले पोखरामा ब्यञ्जन रेष्टुराँ र द बिच बार एन्ड लजसमेत सञ्चालनमा ल्याएको छ।

# पोखरा फुटवयर बिजनेस सेन्टरको छुट अफर

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

पोखराको सिर्जनाचोकमा सञ्चालनमा आएको 'पोखरा फुटवयर बिजनेस सेन्टर'ले विशेष छुट अफर ल्याएको छ। बिजनेस सेन्टरमा जुत्ता चप्पल खरिदमा २० प्रतिशत छुट प्रदान गरिने भएको छ। त्यसका साथै स्क्रयाच कुपनका आधारमा थप नगद उपहार प्रदान हुने भएको छ।

कुपन स्क्र्याचमा न्युनतम ५० रुपैयाँदेखि बढीमा १० हजार रुपैयाँसम्म नगद उपहार जित्न सकिने आयोजकको भनाइ छ। बिजनेस सेन्टरमा १० वटा कम्पनीका जुत्ता चप्पलहरुको शोरुम राखिएको छ। सबै ब्राण्डका जुत्ता चप्पल खरिदमा यो अफर तथा छुट लागु हुने बताइएको छ। यो अफर भदौ महिनाभर लागु हुने संचालक जीवन श्रेष्ठले जानकारी दिए। ग्राहकको सुविधालाई ध्यानमा राखेर यो अफर ल्याइएको उनले जानकारी दिएका छन।हात खाली नहुने अफर अन्तर्गत स्क्र्याच कुपनका आधारमा नगद जितेर धेरै ग्राहकहरु लाभान्वित हुने आयोजकको विश्वास छ। जुत्ता चप्पल खरिद गरेपश्चात ग्राहकले सोही ठाउँमा कुपन स्क्रयाच गर्न सक्नेछन्। नगद पनि तत्काल हस्तान्तरण गरिने बताइएको छ। बिजनेस सेन्टरमा १० वटा कम्पनीका ३० वटा ब्राण्डका जुत्ता चप्पल बिक्री तथा प्रदर्शनीमा राखिएका छन्। १ हजार ५ सय भन्दा बढी मोडलका जुत्ता चप्पल उपलब्ध रहेको बताइएको छ।

२ सय रुपैयाँदेखि १० हजार रुपैयाँसम्मको जुत्ता चप्पल उपलब्ध रहेको श्रेष्ठले जानकारी दिए। हालसालै बजारमा आएका आधुनिक मोडलका जुत्ता चप्पल पनि मेलामा राखिएका छन्।

काठमाडौंको मूल्य भन्दा पनि सस्तोमा पोखरामा नै ग्राहकलाई जुत्ता चप्पल उपलब्ध गराउने उद्देश्यले पोखरामा बिजनेस सेन्टर स्थापना गरी जुत्ता चप्पलको शोरुम स्थापना गरिएको लगानीकर्ताहरु बताउँछन्।

# ब्याडमिन्टन एसिया क्षेत्रीय प्रतियोगिता हुने

**रासस**
काठमाडौं, ३२ साउन

ब्याडमिन्टन एसियाको आयोजना तथा नेपाल ब्याडमिन्टन सङ्घको तत्वावधानमा ब्याडमिन्टन एसिया (दक्षिण एसिया) क्षेत्रीय जुनियर च्याम्पियनसीप भोलिदेखि हुने भएको छ।

अल्पविकसित राष्ट्रहरूमा ब्याडमिन्टन खेलको विकास र विस्तार गर्ने उद्देश्यले ब्याडमिन्टन एसियाले सञ्चालन गर्ने उक्त प्रतियोगितामा यु-१५ र यु-१७ गरी दुई विधामा प्रतिस्पर्धा हुनेछ। यसमा छात्र एकल, छात्रा एकल, छात्र युगल, छात्रा युगल र मिक्स गरी पाँच-पाँच विधामा प्रतिस्पर्धा हुनेछ।

भदौ ५ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिता नेपाल एपिएफको हलचोकस्थित कभर्डहलमा हुनेछ। प्रतियोगितामा नेपालसहित भुटान, श्रीलङ्का, बङ्गलादेश, मालदिभ्स र पाकिस्तान गरी छ राष्ट्रका करिब ५२ खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।

छात्र तथा छात्रातर्फ समान २६-२६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रत्येक राष्ट्रबाट आठ-आठ खेलाडी तथा नेपालबाट १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजकको हैसियतले नेपाली खेलाडीले एक विधामा तीन खेलाडीले स्पर्धा गर्न पाउनेछन् भने अन्य राष्ट्रबाट दुई खेलाडीले स्पर्धा गर्न पाउनेछन्।

ब्याडमिन्टन एसियाका विकास व्यवस्थापक थानाबालन अरिकृष्णनले एसियामा ब्याडमिन्टनको विकास र विस्तार गर्न के-कस्ता कार्यक्रम हुनुपर्ने भन्ने छलफल र महिलालाई ब्याडमिन्टनमा आकर्षण गर्ने कार्यक्रम तर्जुमा गर्नका लागि यस किसिमको प्रतियोगिताको आयोजना गर्न लागिएको बताउनुभयो।

# डेङ्गु...

स्वास्थ्य सेवा विभागबाट जारी गरिएको डेङ्गु रोकथाम तथा नियन्त्रण कार्ययोजनाअुनसार कार्य गर्न र डेङ्गु रोगको निदानका लागि आवश्यक किटको सुनिश्चितसमेत गर्न अस्पताललाई भनिएको छ।

महाशाखाले अहिलेको अवस्थामा डेङ्गु सङ्क्रमण बढ्दै गए भदौ र असोज महिनामा उच्च हुने प्रक्षेपण गरेको छ।

उहाँले वर्षायाम सुरु भएसँगै असारको अन्तिम सातादेखि सङ्क्रमण ह्वात्तै बढिरहेको बताउनुभयो। डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ। नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो। मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ।


यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने आग्रह गरेको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# श्रमिकको तलब बृद्धि

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै चालू आव २०८०/०८१ को साउन एक गतेदेखि लागू हुनेगरी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको छ । मन्त्रालयका अनुसार चिया बगान बाहेकका श्रमिकको हकमा मासिक आधारभूत १० हजार ८२०, महंगी भत्ता ६ हजार ४८० गरेर जम्मा १७ हजार ३०० पुर्याएको छ । यस्तै, दैनीक आधारभूत पारिश्रमिक ४२८, महंगी भत्ता २५० गरेर जम्मा दैनीक न्यूनतम पारिश्रमिक ६६८ तोकिएको छ ।

प्रति घण्टा भने आधारभूत पारिश्रमिक ५६, महंगी भत्ता ३३ गरेर प्रतिघण्टा न्यूनतम पारिश्रमिक ८९ तोकिएको छ । आंशिक समय मात्र काम गर्ने कामदारको हकमा भने प्रति घण्टा न्यूनतम पारिश्रमिक ९५ रुपैयाँ तोकिएको छ । नेपालमा श्रमिकको अवस्था गुजारा चलाउन धौधौ पर्ने गरि पारिश्रमिक तोकिएको छ । तोकिएको पारिश्रमिक पाउन पनि दबाब दिनुपर्ने अवस्था छ । यस्तै चिया बगानका श्रमिकको हकमा भने मासिक आधारभूत पारिश्रमिक ८ हजार ९३४, महंगी भत्ता ४९५९ गरेर जम्मा न्यूनतम पारिश्रमिक १३ हजार ८९३ तोकिएको छ ।

दैनिकको हकमा आधारतभूत पारिश्रमिक ३२३, महंगी भत्ता १७७ गरेर जम्मा न्यूनतम पारिश्रमिक पाँच सय तोकिएको छ । प्रति घण्टाको हकमा भने आधार भूत पारिश्रमिक ४३, महंगी भत्ता २३ गरेर जम्मा ६६ तोकिएको छ । चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक तथा चिया बगानका सरदार, नाइके, र चौकीदारकोसमेत दैनीक भत्ता ६३ रुपैयाँ तोकिएको छ । उपयुक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रम सम्झौता, नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधा अनिवार्य रुमपा हुनुपर्ने उल्लेख छ । श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमका लागि आधारभूत तलब कम बढाइएको छामहंगी भत्तालाई आधारभूत तलबमा नजोडिने हुँदा श्रमिकले तलब बढ्यो भनेर सन्तोष गर्ने ठाउँ छैन । केही नहुनु भन्दा थोरै भए पनि बढ्नु सरकारले प्रचार गर्ने निहुँ हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्न अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो यस भन्दा कम नहुनेगरी निर्धारण गर्नुपर्ने बताइएको छ । यस भन्दा न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न नपाइने जनाइएको छ । तोकिएको न्यूनतम पारिश्रमिक ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाईसमेत अधार बनाएर लागू गरिएको मन्त्रालयले जनाएको छ । न्यूनत पारिश्रमिक दिने सन्दर्भमा केहि प्रावधान फरक भएको अवस्थामासमेत यहि न्यूनतम पारिश्रमिकलाई आधार बनाएर समायोजन गर्नुपर्नेछ । प्रदेश र स्थानीय सरकारले श्रमिकको जीवन निर्वाह हुने गरि पारिश्रमिक तोक्ने र कार्यान्वयनका लागि वातावरण बनाउन सके सरकारप्रति श्रमिकको विश्वास बढ्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निजामती कर्मचारी संस्कृत भाषा पढ्दै

**पोखरापत्र संवाददाता**

पर्वत, ३२ साउन

पर्वतका निजामती कर्मचारीले संस्कृत भाषा पढ्न थालेका छन् । विसं २०५६/५७ देखि विद्यालय तहका पाठ्यक्रमबाट हटाइएको संस्कृत भाषाको जगेर्ना गर्ने उद्देश्यले यहाँका निजामती कर्मचारीले संस्कृत भाषा सिक्न थालेका हुन् ।

पछिल्लो समय हरेक क्षेत्रमा संस्कृत भाषाको प्रयोग र महत्व बढ्दै जानुका साथै विभिन्न धार्मिक ग्रन्थ, लिपि र ऐतिहासिक दस्तावेजको अध्ययन गर्न टेवा पुग्ने भएकाले संस्कृत भाषा कक्षा सञ्चालन गरिएको जिल्ला समन्वय समितिका समन्वय अधिकारी नेत्र पौडेलले जानकारी दिनुभयो । संस्कृत देवनागरी लिपिमा लेखिएको पुरानो भाषा रहेको भन्दै उहाँले वेदमा बोलिने वैदिक र लौकिक संस्कृत भाषालाई जगेर्ना गर्दै व्यवहारिक ज्ञान रुपान्तरण गर्ने उद्देश्यले कक्षा सञ्चालन गरिएको बताउनुभयो ।

सदरमुकाम कुश्माबजारस्थित नारायण उच्च माविमा गत मङ्गलबारदेखि साँझ ५:१५ बजेदेखि एक घण्टा संस्कृत कक्षा सञ्चालन गरिएको पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार संस्कृत भाषा पढ्नका लागि प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद आचार्यको नेतृत्वमा जिल्ला समन्वय अधिकारी पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी गणेश पौडेललगायत जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुख तथा कर्मचारी, नगरपालिका तथा गाउँपालिकाका कर्मचारीको सहभागिता रहेको छ । कर्मचारीलाई पढाउन सुदर्शन प्रपन्नाचार्य खटिनुभएको छ । प्रपन्नाचार्यका अनुसार न्यूनतम एक महिनाको सिकाइले संस्कृत भाषा अध्ययन गर्न, बोल्न र दाहोरो संवाद गर्न सक्ने हुनुहुनेछ । दुईदेखि तीन महिनासम्मको कक्षा लिएपछि धार्मिक कर्मकाण्डसमेत गर्न/गराउन सकिने उहाँको भनाइ थियो । प्रपन्नाचार्यले संस्कृत भाषाको जगेर्ना गर्ने र आम जनमानससम्म यसको महत्व पुऱ्याउनका लागि निजामती कर्मचारीले थालेको अभियान प्रशंसायोग्य रहेको बताउनुभयो । यो भाषा जुनसुकै उमेर समूह, धर्म सम्प्रदायका लागि उत्तिकै महत्वपूर्ण रहेकाले सबैले अनिवार्य सिक्न जरुरी रहेको उहाँको भनाइ थियो । "धार्मिक अनुष्ठानमा ब्राम्हणहरुले मात्र प्रयोग गर्ने संस्कृत भाषा नयाँ पुस्ताका युवायुवतीका लागि इतिहास बनिसकेको छ", प्रजिअ आचार्यले भन्नुभयो, "हरेक नागरिकका लागि संस्कृत भाषा जान्नु आवश्यक देखिएकाले कार्यालयपछिको समयलाई व्यवस्थापन गरेर संस्कृत भाषा कक्षा सञ्चालन गरिएको हो ।" पूर्वीय दर्शनको अध्यायन र नैतिक शिक्षाका साथै नेपाली व्याकरणमा शुद्धिकरण गर्नका लागि संस्कृति भाषाको कक्षा सञ्चालन गरेर सिक्न थालिएको आचार्यले बताउनुभयो । यो शिक्षा केवल कर्मचारीका लागि मात्र नभइ समाजका अगुवा व्यक्तिका लागि पनि भएकाले उद्योगी, व्यवसायी, सङ्घ संस्था, पत्रकार, कानुन व्यवसायीलगायत सबै सहभागी भएर सिक्न सकिने प्रजिअ उहाँले बताउनुभयो ।

# गण्डकीमा स्याउखेती विस्तार

**रासस**

गण्डकी, ३२ साउन

गण्डकी प्रदेशका हिमाली र उच्च पहाडी भेगमा उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती विस्तार गरिएको छ । मुस्ताङ, मनाङ, बागलुङ, गोरखालगायत जिल्लामा गरी पाँच सय ७२ रोपनी क्षेत्रमा स्याउखेती विस्तार गरिएको प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।

हिमाल पारिका जिल्ला मुस्ताङ र मनाङ स्याउका लागि उर्बर भूमि हुन् । बागलुङको ढोरपाटन, गोरखाको चुमनुब्री, म्याग्दीको गुर्जालगायतका ठाउँमा पनि उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती सुरु गरिएको प्रदेश कृषि विकास निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो । स्याउखेती विस्तार तथा व्यवसायीकरण आयोजनाबाट तीन सय ९२ र शितोष्ण फलफूल विस्तार तथा व्यवसायीकरण आयोजनामार्फत एक सय ८० रोपनी क्षेत्रफलमा स्याउखेती विस्तार गरिएको उहाँको भनाइ छ । "मुख्यरुपमा मुस्ताङ र मनाङमा स्याउ खेतीलाई केन्द्रित गरिएको छ, अरु जिल्लाका उच्च पहाडी भेगमा पनि थोरैथोरै क्षेत्रमा स्याउखेती सुरु गरिएको छ", प्रमुख रेग्मीले भन्नुभयो । गत आवमा स्याउखेती विस्तारतर्फ रु ११ करोड ५० लाख र शितोष्ण फलफूल विस्तारमा रु छ करोड बजेट खर्च भएको निर्देशनालयले जनाएको छ ।

स्याउखेती विस्तार तथा व्यवसायीकरण आयोजनाबाट मुस्ताङमा ५८ हजार आठ सय स्याउका बिरुवा वितरण गरिएको थियो । शितोष्ण फलफूल विस्तार तथा व्यवसायीकरण आयोजनामार्फत अन्य जिल्लामा २७ हजार स्याउका बिरुवा वितरण गरिएको प्रमुख रेग्मीले बताउनुभयो । शितोष्ण फलफूल विस्तार आयोजनाअन्तर्गत १० हजार एक सय ओखरका बिरुवासमेत वितरण गरी थप पाँच सय पाँच रोपनीमा ओखर बगैँचा विस्तार भएको जनाइएको छ । विस्तार गरिएको स्याउ खेतीबाट प्रतिकिलो रु एक सय ५० का दरले वार्षिक झन्डै रु १७ करोड ३७ लाख बराबरको स्याउ उत्पादन हुने निर्देशनालयको अनुमान छ ।

औसतमा १० प्रतिशत बोट मरे पनि बाँकी बोटले वर्षमा १५ किलो उत्पादन दिँदा वार्षिक एक हजार एक सय ८५ मेट्रिकटन स्याउ उत्पादन हुने जनाइएको छ । स्याउका लागि मुस्ताङमा एक सय टन क्षमताका दुई चिस्यान केन्द्र पनि निर्माण गरिएको कृषि ज्ञानकेन्द्र मुस्ताङका कृषि अधिकृत हरिप्रसाद न्यौपानेले बताउनुभयो । थासाङ गाउँपालिकाको टुकुचे र घरपझोङ गाउँपालिकाको मार्फामा चिस्यान केन्द्र निर्माण गरिएको हो । अधिकृत न्यौपानेका अनुसार लोमान्थाङ गाउँपालिकाबाहेक मुस्ताङका चारै गाउँपालिकामा उच्च घनत्वमा आधारित स्याउखेती विस्तार गरिएको हो । "किसानले बिरुवामा ७५ प्रतिशत र खेती व्यवस्थापनमा ५० प्रतिशत अनुदान पाएका छन्", उहाँले भन्नुभयो, "उच्च घनत्वको आधुनिक प्रविधिको स्याउखेतीतर्फ किसानको आकर्षण बढ्दो छ, बर्सेनि मुस्ताङमा स्याउको क्षेत्रफल बढिरहेको छ ।"


## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्क:** ९८१५१५६३०३




पहिरोले क्षति : पोखरा महानगरपालिका २३ ठूलाखेतमा गयराती अविरल वर्षापछिको पहिरोले स्थानीय विष्णुप्रसाद पौडेलेको घरका दुई कोठा बगाएपछि क्षतिग्रस्त घर । तस्बिर : कृष्ण दवाडी/रासस

# बन्दीपुर केबलकार असोजदेखि सञ्चालन गरिने

**पोखरापत्र संवाददाता**

पोखरा, ३२ साउन

बन्दीपुर केबलकार एण्ड टुरिजमले निर्माण गरेको केबलकार सम्पन्न भएको छ । जिल्लाको बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गामा तल्लो स्टेशन र सोही वडाको बरालथोकसम्मको एक हजार सात सय मिटर दूरीमा केबलकार निर्माण गरेको हो ।


एशियाकै ठूलो भनिएको यहाँको सिद्धगुफा र हरियाली डाँडाको मनोरमदृश्य अवलोकन गर्दै उक्त केबलकारबाट यात्रा गर्न सकिनेछ । केबलकारको अहिले पुनःपरीक्षणको काम भइरहेको बन्दीपुर केबलकार एण्ड टुरिजमका निर्देशक तथा इञ्जिनियर हरिदत्त पौडेलले जानकारी दिनुभयो । केबलकारमा एक्काइस डिब्बा यात्रु बोक्ने, छ डिब्बा रेष्ट्रो क्याबिन र दुई एड्भेन्चर गरी २९ वटा डिब्बा हुनेछन् । एक डिब्बामा आठ जनासम्म यात्रु बस्नसक्ने क्षमताको छ । एड्भेञ्चर डिब्बा भने अन्य डिब्बाको तुलनामा फरक किसिमको (सिसैसिसाको र आधुनिक किसिमबाट निर्माण गरिएको) हुने उहाँले बताउनुभयो । "केबलकार भित्रै सुत्न र खान पाइने व्यवस्थासहित रेष्ट्रो क्याबिनसमेत सञ्चालन गर्ने योजना रहेको छ", निर्देशक पौडेलले भन्नुभयो । पृथ्वीराजमार्गमा रहेको बटम स्टेशनबाट माथि बन्दीपुर बजारमा कलेज पढ्न जाने र आउने विद्यार्थीलाई रु ५०, पत्रकारलाई रु तीन सय ५०, अन्य यात्रुका लागि रु पाँच सय, रेष्ट्रो क्याबिनको रु २५ हजार पर्नेछ भने ६५ वर्ष माथिका नागरिकलाई भने टिकटमा सहुलियत दिइने कम्पनीले जनाएको छ । केबलकार र पाँचतारे होटल गरी कूल रु तीन अर्ब ५८ करोडको लागतमा निर्माण गर्न लागिएको हो । बन्दीपुर आउने पर्यटकले केबलकारमा सुतेरै रमणीय प्राकृतिकस्थल अवलोकन गर्दै भरपुर मनोरञ्जन लिन सक्नेछन् । मिति नतोकिए पनि दसैं अगाडिदेखि केबलकार सञ्चालनमा ल्याउने योजना भइरहेको कम्पनीका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । केबलकारमा अबको करिब डेढ महिना सुरक्षाको हिसाबले पटकपटक परीक्षणका काम भइरहेको र अब असोजदेखि व्यावसायिकरुपमा सञ्चालनमा ल्याइने उहाँले बताउनुभयो । 'क्वीन टावर' नाम दिइएको सत्र तल्लाको पाँचतारे होटलबाट बन्दीपुर उपत्यकासहित विभिन्न जिल्लाका डाँडाकाँडा र फाँट सजिलै देख्न सकिनेछ । उक्त होटलको ९२ प्रतिशत काम सम्पन्न भइसकेको छ । रङरोगन र फिनिसिङलगायत करिब आठ प्रतिशत कार्य गर्न बाँकी रहेको अध्यक्ष शर्माले बताउनुभयो ।

नब्बे कोठा रहेको हिलटपमा ७८ वटा कोठा प्रयोगमा ल्याइनेछ । सेमिनारलगायत अन्य कामका लागि एक हजार क्षमताको ठूलो कक्षसमेत निर्माण गरिएको छ । होटलको सुरुको तलाबाट सत्र तलासम्म क्याप्सुल लिफ्टबाट सिधै 'क्वीन टावर' सम्म जान सकिने व्यवस्था मिलाइएको छ ।

त्यसैगरी केबलकारको प्रवेशद्वारमा रु २६ करोडको लागतमा अर्को सुविधा सम्पन्न आधुनिक होटल निर्माण भइरहेको छ । उक्त होटल पनि छिट्टै सञ्चालनमा ल्याउने गरी निर्माण काम भइरहेको सो कम्पनीले जनाएको छ । बन्दीपुरमा घुम्न आउने पर्यटकलाई नयाँपन र भरपुर मनोरञ्जन प्रदान गर्नु कम्पनीको मुख्य लक्ष्य रहने उहाँले जानकारी दिनुभयो । केबलकारमा यात्रुको आवतजावतको समयपश्चात् साँझपख केबुलकारभित्र रेष्टुरेन्ट सञ्चालन गरी खाना र सुत्न मिल्ने सुविधा प्रदान गरिनेछ । प्रत्येक दिन साँझ ५ बजेपछि केबलकारमा सो सुविधा प्रदान गरिने योजना रहेको अध्यक्ष शर्माले बताउनुभयो । केबलकारभित्र रेष्ट्रोको सुविधामा प्रत्येक दिन आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको खाली समय साँझ ५ बजेदेखि ९ बजेसम्म उक्त सेवा दिइनेछ । तल्लो र माथिल्लो स्टेशनमा रेष्टुरेन्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा पर्यटकलाई सेवा दिइनेछ । उहाँले भन्नुभयो, "कम्पनीले शाकाहारी, मांशाहारीलगायत खानेकुरासँगै पेयपदार्थसमेत उपलब्ध गराउनेछ ।" बन्दीपुरमा ठूलो सङ्ख्यामा आउने पर्यटकलाई लक्ष्य गर्दै केबलकार, रेष्ट्रोकार र तारेस्तरसम्मका होटल निर्माण गरिएको छ । पृथ्वीराजमार्गमा रहेको बटम स्टेशनबाट बन्दीपुरमा निर्माण गरिएको सत्रतले होटलभित्रै केबलकार पुगेर टुङ्गिनेछ । बटम स्टेशन (तल) हाइवेसँग जोडिएको छ, जहाँबाट सिधै माथि बन्दीपुर स्थित होटलभित्र पुग्न सकिनेछ ।

बटम स्टेशनको भवन अन्य केबलकारको भन्दा फरक किसिमको टर्मिनल भवन रहेको छ, सोही भवनमा भिआइपी लन्च, ओपन रेष्टुरेन्ट (टुरिष्ट कोच), अतिथि स्वागतलगायत कार्य एउटै भवनबाट हुनेछ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१–५७०६५१

# अस्थायी साधन प्रयोग गर्न अझै डराउँछन् महिला

**जमुना वर्षा शर्मा**
पोखरा, ३२ साउन (रासस)

पोखरा उपमहानगरपालिका-२५ की २३ वर्षीया एक युवतीको बिहे भएको एक वर्ष भयो । स्नातकोत्तर पढ्दै गरेकी उनी पढाइ पूरा गरेर मात्र सन्तान जन्माउने सोचमा हुनुहुन्छ तर परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दा बाँझोपन हुन्छ कि भन्ने डर उहाँमा छ । उनी भन्छिन् “मलाई निकै डर लाग्छ कहिलेकाहीँ साथीसङ्गीले भन्ने गर्छन्, एउटा बच्चा नजन्मिँदै अस्थायी साधन प्रयोग गरेपछि बच्चा बस्न गाह्रो हुन्छ, बाँझोपन निम्तिन्छ भन्ने सुनेकाले डर लाग्छ।”

उहाँ मानसिकरुपमा त्यस्तो त्रासमा रहँदा उहाँका श्रीमानले पनि अस्थायी साधन प्रयोग गरेर त्यो समस्या दूर राख्न सक्नुहुन्थ्यो तर श्रीमान् पनि अस्थायी साधनको प्रयोग गर्न रुचि नदेखाउने गरेको उहाँ बताउनुहुन्छ । “कहिलेकाहीँ यो यति तनावको विषय बन्छ कि श्रीमान् श्रीमतीबीचको सम्बन्ध राख्दा पनि कता बच्चा बस्छ कि भन्ने तनाव मात्र हुन्छ, बच्चा बस्यो भने मेरो पढाइ रोकिन्छ कि भन्ने त्रास सधैँ मलाई हुने गरेको छ”, उहाँ भन्नुहुन्छ। आफूले भन्दा श्रीमानलाई अस्थायी साधन प्रयोग गर्न धेरैचोटी अनुरोध गरे पनि रुचि नदेखाएको उहाँको भनाइ छ। एक निजी संस्थामा कार्यरत २४ वर्षीया अर्की महिला अनिच्छित गर्भ बसेपछि जागिर छोडेर घरमै बसेको बताउनुहुन्छ। “बिहे भएको डेढ वर्ष भयो, अहिले पाँच महिनाको गर्भ छ, केही वर्ष सन्तान नजन्माउने सोच थियो तर मैले अस्थायी साधन प्रयोग गर्दा पछि बच्चा नबस्न सक्छ भन्ने सुनेँ, श्रीमान्ले पनि प्रयोग गर्न मान्नुभएन।” उहाँले भन्नुभयो, “अनिच्छित गर्भ बसेपछि गर्भपतन गराउन चाहेको तर शुरुमै गर्भपतन गऱ्यो भने अर्को बच्चा बस्दैन बाँझोपन निम्तिन्छ भन्ने सुनेपछि अहिले सबै छोडेर बसेको छु। गर्भमा बच्चा बसेदेखि नै मलाई विभिन्न समस्या देखिएपछि अहिले आराम गर्नुपरेको छ।”

झन्डै ७० हजार महिला सदस्य भएको यहाँ बुहारी समूह बाइएको छ। हरेक दिनजसो समूहका बुहारी सदस्यहरुले केही न केही आफ्ना समस्याहरु खुलेर राख्ने गर्छन् । त्यसमा एक महिलाले लेख्नुभएको थियो, “मेरो श्रीमान्ले परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्न मान्नु हुन्न । मेरो तीन वर्षकी छोरी छ, अझै केही वर्ष बच्चा नजन्माउने योजना गरेको तर अनिच्छि गर्भाधान हुँदा दुईचोटी गर्भपतन गरेँ, सुई र अरु साधन प्रयोग गरे मोटाइन्छ रे, फेरि बच्चा बस्न गाह्रो हुन्छ भन्छन् । मलाई उपयुक्त सुझावको खाँचो छ।”

उहाँको पोष्टमा धेरैले तीन महिने सुई लगाउँदा राम्रो हुने त कतिले श्रीमानलाई नै अस्थायी साधन प्रयोग गर्न लगाउन सुझाव दिनुभएको छ । झट्ट हेर्दा सुन्दा सामान्य जस्तो लाग्ने यस्ता कुराहरुले महिलालाई निकै तनाब दिने गरेको यी उदाहरणबाट पनि पाइन्छ । अधिकांशमा महिलाका लागि बनाइएका अस्थायी साधन सन्तान हुनुअघि नै प्रयोग गर्दा बाँझोपन आउन सक्छ भन्ने भ्रम रहेको पाइन्छ भने कतिपयले यसको प्रयोग गर्दा शरीरमा तौल बढाउँछ भनेर प्रयोग नगर्ने गरेका छैनन्।

कुनै पनि कुराको प्रयोग गर्नुअघि डाक्टरको परामर्श नलिई सामाजिक सञ्जाल र साथीभाइका कुरामा विश्वास गर्दा अनिच्छित गर्भधारण गर्न महिला बाध्य भएको बताउनुहुन्छ स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा मदन खड्का। “पहिलो बच्चा नजन्मदै गर्भनिरोधक साधन प्रयोग गर्दा बाँझोपन हुन्छ भनेर समाजमा निकै गलत भ्रमहरु फैलिएका छन्। यो एकदम निराधार हो। विशेषज्ञको परामर्श बिना आफू खुशी प्रयोग गर्नु भएन, नत्र सबै कुरा सुरक्षित नै छन् डराउनु पदैन”, उहाँले भन्नुभयो, “गर्भनिरोधक साधनको काम गर्भ बस्न नदिने मात्र हो, विभिन्न वैज्ञानिक परीक्षणबाट सफल भएर प्रयोगमा ल्याइने यस्ता साधनप्रति आफू अनुकूल तर्क प्रस्तुत गरेर निराधार हल्लाको पछाडि लाग्दा झनै मानसिक र शारीरिक समस्या निम्तिन सक्छ।” उहाँले प्रजनन स्वास्थ्यको बारेमा राम्रो शिक्षा दिन आवश्यक भएको बताउनुभयो।

त्यसो त सन्तान जन्माउने विषय महिला पुरुष दुबैको सहमति र सल्लाहमा हुनुपर्नेमा त्यो हुन नसकेको उहाँ बताउनुहुन्छ । “हामीकहाँ बच्चा जन्माउने काम महिलाको हो भन्ने बुझाइ छ तर महिला शारीरिक र मानसिकरुपमा तयार नभएसम्म पुरुषले पनि साथ दिनुपर्छ, अस्थायी साधन पुरुषले पनि प्रयोग गरेर आफ्नो जीवनसाथीलाई साथ दिनुपर्छ”, उहाँले यो विषयमा पुरुष मानसिकता उदार हुन नसकेको बताउनुभयो । अस्थायी गर्भनिरोधक साधनले प्राकृतिक हर्मोनलाई औषधि वा सुईको माध्यमबाट प्रतिकूल बनाइराख्ने र गर्भ बस्न नदिने भएकाले यसको असर प्रयोग गरिरहँदासम्म मात्र हुने भएकाले चिन्ता लिनु नपर्ने उहाँको भनाइ छ । “कतिपय महिलाले अस्थायी गर्भनिरोधक साधनको प्रयोग गर्न छाडेको केही महिनामा गर्भ बसेन बाँझोपन पो भयो कि भन्दै आउने गर्नुहुन्छ । अस्थायी गर्भनिरोधक साधन प्रयोग गर्न छोडेको केही समयभित्र नै सामान्य अवस्थामा नै आइसकेको हुन्छ ।” डा खड्काका अनुसार परिवार नियोजनको अस्थायी साधन डिपोप्रोभेरा, पिल्स, नरप्लान्ट, कण्डम, आइयुसिडी, डायफ्राम हुन्। यी अस्थायी साधनमध्ये कण्डम मात्रै पुरुषका लागि छ। उहाँले अस्थायी साधनहरु हर्मोन सञ्चयका लागि भएकाले महिलाले आफ्नो उमेरअनुसार जुनसुकै अस्थायी साधन प्रयोग गर्दा सम्बन्धित विज्ञको परामर्श लिनुपर्दछ भन्नुभयो।

‘मेरो शरीर मेरो अधिकार’ को कुरा हुन्छ तर महिलाहरु शारीरिक र मानसिक रुपमा तयार नभई अनिच्छित गर्भधारणा गर्न बाध्य हुने क्रम निरन्तर जारी रहेको बताउनुहुन्छ महिला मानवअधिकारकर्मी विना सिलवाल, “प्रजनन् स्वास्थ्य अधिकारको सही संरक्षण आवश्यक छ, महिलालाई सन्तान जन्माउने बाध्यात्मक दायित्व बोकेको यन्त्रको रूपमा बुझ्ने सोच अब बदल्नु पर्छ।” उहाँले महिला सन्तान जन्माउने यन्त्रको रूपमा मात्रै प्रयोग भइरहेको र पारिवारिक दबाबका कारण प्रजनन् अधिकारको बारेमा खुलेर निर्णय गर्न नसकेको बताउनुभयो। “विवाहपछि महिला सन्तान जन्माउने विषयमा निकै तनाबमा देखिन्छन् । परिवारको नियोजनकोसाधनकोप्रयोगमहिलाले नै गर्नु पर्ने यदि गरिएन भने पनि त्यसको नतिजा महिलाले नै भोग्नुपर्ने अवस्था देखिन्छ। बच्चा भएन भने पनि महिलालाई नै तनाब, अनिच्छित गर्भ बसे पनि त्यसको असर महिलामा नै परेको देखिन्छ।” सिलवालले परिवार नियोजनको जिम्मेवारी वास्तवमा महिला र पुरुष दुबैको भए पनि पुरुषले शारीरिक सम्बन्धको सन्दर्भमा अस्थायी साधनको प्रयोग बिना यौन आनन्द मात्र खोज्ने तर त्यसले निम्याउन सक्ने नतिजाको जोखिम महिलाले लिनुपर्ने अवस्था रहेको बताउनुभयो। परिवार नियोजनको प्रयोगमा समान सहभागिता बढाउन प्रजनन स्वास्थ्य शिक्षाको ब्यापक प्रचार साथै दम्पतीबीचको समझदारी आवश्यक हुने उहाँको बुझाइ छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २०(२) ले प्रजनन स्वास्थ्य तथा प्रजनन् हकको अधिकार सुनिश्चित गरेको छ। प्रजनन् अधिकार भन्नाले प्रत्येक दम्पतीले कतिजना सन्तान जन्माउने, जन्मान्तर कति राख्ने, बच्चा जन्माउने वा नजन्माउने बारे सूचना पाउनुपर्ने र यौन तथा प्रजनन् अधिकारका लागि स्वतन्त्र र जिम्मेवारीपूर्वक निर्णय लिन पाउनुलाई बुझिन्छ । नेपालको संविधानको धारा ३८(२) मा ‘प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ’ भनिएता पनि व्यावहारि करुपमा महिलाले यसको प्रयोग गर्न नसकेको बताउनुहुन्छ अधिवक्ता भगवती पहारी।

उहाँ भन्नुहुन्छ, “प्रजनन स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हकलाई मौलिक हकका रूपमा संविधानमै व्यवस्था गरिएको छ तर के महिलाले यसको भउपयोग गर्न पाएका छन् त भन्ने प्रश्नको जवाफ खोज्नुपर्ने बेला आएको छ ।” उहाँले कानुन अनुसारको व्यवहार नभएसम्म न्यायको प्रत्याभूत हुन नसक्ने बताउनुभयो। उहाँ भन्नुहुन्छ, “महिलाले परिवारको खुसीलाई केन्द्रविन्दुमा राख्ने हुँदा आफ्नो रहर र चाहना सबै छोडिदिन्छन् तर त्यसबाट निम्तिने सबै असरको भागिदार भने स्वयम् महिला नै बन्नुपर्छ ।” निकै कम पुरुषले मात्र गर्भनिरोधक साधन प्रयोग गर्ने गरेको तथ्याङ्कले पनि महिला प्रजनन् अधिकारको उपभोगबाट बञ्चित हुनु परेको उहाँले बताउनुभयो।

अनिच्छुक गर्भ रहँदाको परिणाम त्योसँगै आउने शारीरिक र मानसिक पीडाको भागिदार पनि महिला नै हुनुपर्ने अवस्थाले महिलालाई प्रजनन् अधिकारबाट बञ्चित गराएको उहाँको बुझाइ छ । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अधिकार सम्बन्धी ऐन २०७५ को दफा ११ मा बलपूर्वक परिवार नियोजनका साधन गराउन नहुने उल्लेख छ । दफा १२ मा बलपूर्वक गर्भनिरोधकका साधन प्रयोग गराउन नहुने सोही ऐनको दफा १२ मा व्यवस्था गरिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा आर्थिक वर्ष २०७८/७९ मा तीन प्रतिशत महिलाले बन्ध्याकरण गरेका छन् भने र पुरुषको सङ्ख्या १ प्रतिशत छ । त्यसैगरी इन्प्लान्ट १४ प्रतिशत, डिपो ३८ प्रतिशत र पिल्स १९ प्रतिशत कपर टी (इयुसिडी) २ प्रतिशत छ भने पुरुषले प्रयोग गर्ने अस्थायी साधन कण्डमको प्रयोग जम्मा २३ प्रतिशत छ।

# बाँदरपीडित किसान भन्छन् ‘न समय बच्यो न मकै’

**पोखरापत्र संवाददाता**
बागलुङ, ३२ साउन

बडिगाड गाउँपालिका-३ सिसाखानीको बाँयचौर निवासी फारम घर्तीले गत वर्ष पाँचमुरी मकै भित्र्याउनुभएको बारी अहिले बाँदरले रित्तै बनाइदिएको छ । बसाइँसराइका कारण बाँदर बस्तीमा आएपछि यस वर्ष मकै भित्र्याउनै नपर्ने गरी बाँदरले मकैबाली नष्ट भएपछि फारमसहित जीवन घर्तीलगायत बाँयचौर गाउँका सबै किसानको मकैबाली नष्ट भएको भएको छ।

बाँदरले मकैबारीमा क्षति पुऱ्याएपछि यहाँका किसान चिन्तामा परेका छन्। “दुई वर्षअघि पाँचमुरी मकै भित्र्याएको थिए, गत वर्ष बाँदरले आंशिक क्षति गरेको थियो, अहिले त एउटा बोटमा समेत मकै बाँकी छैन, मकै हेर्न दिनभरि बारीमा बिताइन्छ, खाना खान घर आएपछि बाँदरले १० मिनेटमै मकै सखाप पार्छ, न समय रह्यो न मकै”, फारमले भन्नुभयो, “पहिला त्यस्तो बाँदर लागेको जानकारी थिएन, गत वर्षदेखि बाँदरको बिगबिगी छ, स्थानीय सरकारले हामीजस्ता किसानलाई हेर्नुपऱ्यो सम्पन्न व्यक्ति बसाइँसराइ गरेर जाने हामीजस्ता किसानलाई बाँदरले निकै समस्या पाऱ्यो।”

बाँदर हेर्न दिनभरि बारीमा बसे पनि मकै जोगाउन नसक्दा किसानको समय र मकै दुवै खेर गएको छ । अहिले बडिगाडको सिसाखानीमा बाँझो जग्गा बढ्दै गएपछि वनका बाँदर गाउँतर्फ आउन थालेका हुन्। सिसाखानीको बाँयचौर, भलामपाटा, सिरबारे, मौरीभिर र गहरा भन्ने स्थानमा बाँझो जग्गा बढ्दै गएको छ।

बाँयचौरमा बसाइँसराइ कम भए पनि अन्य स्थानका घर खाली र जग्गा बाँझो हुँदा त्यसको प्रभाव बाँयचौरलगायतका क्षेत्रलाई पर्न गएको हो । बाँदरको दीर्घकालीन समस्या नभएर अस्थायी समस्या समाधानका लागि र किसानलाई राहत दिनसमेत स्थानीय पालिकामा वडामार्फत जानकारी गराए पनि वडा कार्यालयले चासो नदिएको बाँदरपीडित किसानको गुनासो छ । “अहिले मकैका घोगा छैनन्, डाँठ मात्रै छन् भाँचेर गाईभैँसीलाई खुवाउनसमेत नमिल्ने गरी बाँदरले सखाप बनाएको छ, सालफेद भन्ने स्थानको जग्गा बाँझो बनेपछि जङ्गलका बाँदर यहाँ आउन सहज भयो”, अर्का पीडित किसान जीवनले भन्नुभयो, “बाँदर हेर्न त गइन्छ, कतिबेला झुक्याएर आउँछ, यहाँ स्थानीय जातको लङ्गुर बाँदरको बथानै छ, पहिला एकदुई पटक बाँदर आएको देखिन्थ्यो, अहिले त दिनभर मकै बारीमै बाँदरको बाँस हुन्छ, धपाउन गएर साध्य नै नभएपछि त्यसै छाडियो।”

सिसाखानीका स्थानीय दानबहादुर श्रीसका अनुसार पछिल्लो समय सिसाखानीका विभिन्न गाउँमा बाँदरको समस्या बढ्दै गएको छ । पहिला घरेलु हातहतियार पड्काएर बाँदर धपाउने चलन भए पनि अहिले उक्त चलनसमेत नभएकाले बाँदरको सङ्ख्यामा वृद्धि भएको छ । बाँयचौरलगायत सिसाखानीका एक दर्जन गाउँमा अहिले बाँदरले सताइरहेको जनाउँदै श्रीसले बाँयचौर गाउँमा भने भित्र्याउनै नपर्ने गरी मकैबाली सखाप बनाएको बताउनुभयो।

सत्तरीभन्दा बढी बाँदरको समूहले १० मिनेटमा दुई रोपनी मकैबारी सखाप पार्ने गरेको स्थानीय किसानको भनाइ छ। सिसाखानीमा पछिल्लो समय बाँदरको समस्या बढ्दै गएको बडिगाड-३ का वडाध्यक्ष खड्कबहादुर पुनले जानकारी दिनुभयो । पुनले बाँदरका कारण किसान अहिले पीडित बनेको जनाउँदै पालिकामा राहतका लागि जानकारी गराउने बताउनुभयो । पालिकाको कृषि शाखामार्फत किसानको क्षतिको तथ्याङ्क सङ्कलन गर्ने र राहतका लागि पहल गर्ने वडाध्यक्ष पुनको भनाइ छ।

# लिटिल स्टेपमा बधाई कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

पोखरा- ८, सिमलचौर स्थित लिटिल स्टेप माध्यमिक विद्यालयले २०८० सालको बोर्ड परीक्षामा यस विद्यालयवाट सम्मिलित भई समुत्तीर्ण हुने विद्यार्थीहरुलाई बधाई कार्यक्रम आयोजना गरेको छ ।

विद्यालयका संस्थापक निर्देशक शेरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पञ्चकोशी आर्थ डाँडा खर्क समाजका संस्थापक अध्यक्ष क्या. लाल प्रसाद गुरुङ प्रमुख अतिथि रहनु भएको थियो। कार्यक्रममा बोल्दै अध्यक्ष शेरबहादुर गुरुङले विद्यालयले आफ्नो ४ दशक लामो शैक्षिक यात्रामा धेरै उकाली ओराली सामना गरेको र आफुले सदैव अभिभावक र शिक्षाविद्‌बाट साथ र समर्थन प्राप्त गरेको भन्दै सफल विद्यार्थी तथा अभिभावकलाई बधाई दिनुभयो । कार्यक्रममा पोखरा लिङ्कन इन्टरनेशनल कलेजका प्रमुख अनिल कुमार अर्यालले कलेजमा संचालित BBA र BHM कार्यक्रमको जानकारी दिदै सफल विद्यार्थीलाई बधाईका साथै कलेजमा स्वागत गर्नुभयो । कार्यक्रममा अंग्रेजी शिक्षक गंगाराम पौडेल +२ की छात्रा क्रिष्टिना छन्त्याल तथा उत्कृष्ठ अंक हासिल गर्ने छात्र आकास गुरुङले समेत मन्तव्य राख्नु भएको थियो भने विभिन्न सांस्कृतिक कार्यक्रम समेतको प्रस्तुती रहेको उक्त कार्यक्रममा सफल हुने अभिभावक तथा विद्यार्थीहरुलाई खादा तथा बुकेद्वारा स्वागत गरिएको थियो। दीप प्रज्ज्वलन गरी प्रारम्भ भएको बधाई कार्यक्रममा स्वागत मन्तव्य राख्दै संस्थापक प्राचार्य पम्फा गुरुङले विद्यार्थी र अभिभावकको दशक लामो शैक्षिक यात्राको एक चरण सम्पन्न भएकामा बधाई दिदै उच्च शिक्षाको आगामी यात्रामा सफलताको शुभकामना व्यक्त गर्नुभयो।

# पहिरोले कालीगण्डकी कोरिडोर अवरुद्ध

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

भारी वर्षापछि पहिरोका कारण राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग र कालीगण्डकी कोरिडोर अवरुद्ध भएका छन्।

लोकमार्गको बुर्तिबाङ-पूर्वी रुकुम खण्डअन्तर्गत निसीखोला गाउँपालिका-४ कालापैरातथाकोरिडोरकोबागलुङ नगरपालिका-१० दब्ल्याङमा पहिराले सडक अवरुद्ध बनाएको हो। बुधबार साँझदेखि दुवै सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो। वर्षा भइरहेका कारण सडक खुलाउन समस्या भएको छ । वर्षा रोकिएपछि सडक खुलाउन थाल्ने प्रहरी नायब उपरीक्षक केसी बताउनुहुन्छ । लोकमार्ग अवरुद्ध हुँदा पूर्वी रुकुमको रुकुमकोट, काँक्री, लुकुम तथा निसीखोलाको निसी, भल्कोटलगायतका स्थानबाट बुर्तिबाङ, बागलुङ, पोखरा, काठमाडौँलगायतका स्थानमा पुग्ने यातायातका साधन सडकमै ठप्प छन् । यात्रु बाटोमै अलपत्र परेका छन् । काठमाडौँदेखि पूर्वी रुकुम र निसीखोलाको विभिन्न स्थानमा यातायातका साधन सडकमै रोकिएका स्थानीय नरबहादुर क्षेत्रीले जानकारी दिनुभयो । कालीगण्डकी कोरिडोरमा चल्ने बागलुङ दक्षिणको जैमिनी, बलेवा र बरेङ क्षेत्रका सवारी साधन पनि ठप्प छन् । सडक अवरुद्ध भएपछि दक्षिणी क्षेत्रमा सामान ढुवानी गर्नसमेत समस्या भएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो।


## आँधि-खोला कटुवाघाट निवुवाखर्क मोटरेवल पुल (८२.९५ मि.) आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८०/०५/०१)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका, वडा नं. २ र ४ मा शहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विभाग अन्तगर्तको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय गण्डकी प्रदेश, पोखराद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा स्याङ्जा, गण्डकी प्रदेश, फोन: ०६१-५९०२९२, ईमेल: lidpo.gandaki@gmail.com |
| प्रस्तावको व्यहोरा | स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका, वडा नं. २ र ४ मा पर्ने आँधिखोला कटुवाघाट निवुवाखर्क मोटरेवल पुल (८२.९५ मि) निर्माण कार्यको प्रस्ताव गरिएको छ। प्रस्तावित पुल आयोजनाको भौगोलिक अवस्थिति २७० ५७’ ९.७३” उत्तर अक्षाश तथा ८३० ३७’ ११.६०” पूर्व देशान्तरमा रहेको पाईन्छ ।प्रस्तावित पुल स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका, वडा नं. २ र ४ जोड्नेछ। यस पुलको दायाँ तर्फ गल्याङ नगरपालिका, वडा नं. ४ र बायाँ तर्फ गल्याङ नगरपालिका, वडा नं. २ पर्दछ। प्रस्तावित पुल ८२.९५ मि लम्बाई, ८.४ मि चौडाई, Carriageway ६ मि र दायाँ/बायाँ दुवैतिर १.२/१.२ मि को Footpath हुनेछ। Footpath को छेउमा ०.२७५ मि. अग्लो बार (Kerb) लगाइनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका, वडा नं. २ र ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगाना आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

### राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा स्याङ्जा, गण्डकी प्रदेश, फोन नं.: ०६१-५९०२९२, ईमेल: lidpo.gandaki@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | कलश इन्जिनियरिङ सभिर्सेज् प्रा.लि., काठमाडौँ महानगरपालिका -३१, फोन नं.: ९८५८४२४८१७, ईमेल: servicesengineeringkalash@gmail.com |